**महाराजगंज नगरपालिकाका उप-प्रमुख ज्यु,**
**नगरसभाका सम्पुर्ण सदस्य ज्युहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत उपस्थित महानुभावहरु,**

१)नेपाल पनि बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ को दोश्रो भेरियन्टको कारण आक्रान्त भईरहेको र महामारीका कारण उत्पन्न असहज परिस्थिति तथा लकडाउनको बिचमा आज म आर्थिक बर्ष २०७८/०७९ को निति कार्यक्रम र बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। नगरवासीको सु:स्वास्थ्य, जीवनरक्षा तथा पालिकाको समग्र आर्थिक, सामाजिक, संकृतिक, राजनैतिक लगायत जीवनको सुरक्षाको प्रश्नले मलाई अत्यन्तै गंभिर तुल्याएको छ। यस्तो बिसम परिस्तिथीमा बजेट प्रस्तुत गर्ने अवसरका लागि यहाँहरु सबै प्रति आभार ब्यक्त गर्न चाहन्छु।

२)सर्बप्रथम देश र जनताको उन्नतीका निम्ती हाल सम्म आफ्नो जीवन अर्पण गर्ने ज्ञात आज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धञ्जंली अर्पण गर्दै चालु आ.ब.मा मृत्यू भएका सम्पुर्ण प्रति हार्दिक सम्बेदना ब्यक्त गर्दछु।

३)कोभिड -१९ को कारणले शहादत प्राप्त गर्नु भएका सम्पुर्ण प्रति श्रद्धांजली ब्यक्त गर्दै शोकाकुल परिवारजन प्रति सम्बेदना प्रकट गर्दछु। यस नगरपालिकाका कोरोना प्रभावित दिदिबहिनी तथा दाजुभाई प्रति शिघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

४)यस महामारीको रोकथाम, नियन्त्रण र उपचार गर्दै नगरवासीको जिवन रक्षा गर्ने तर्फ उपलब्ध श्रोत, साधन जनशक्तिको उच्चतम उपयोग गर्दै कार्य सम्पादन भैरहेको ब्यहोरा यहाँहरुलाई अवगतै छ। यस आ.ब मा स्वास्थ्य तर्फका बिभिन्न दरबन्दीहरुको पूर्ती आईशोलेशन सेन्टरहरु स्थापना,अक्सिजनको ब्यवस्थापन, एम्बुलेन्स खरिद तथा सञ्चालन जस्ताकोरोना लक्षित कार्यक्रमहरु सञ्चालन गरेका गर्यौ। तथा प्रवाभित सबैलाई स्वास्थ्य सरसफाईका सामाग्रीहरु बितरण गरिएको ब्यहोरा सबैलाई अवगत नै छ।

५)कोभिडको नियन्त्रण र उपचारमा सबै नगरसभा सदस्यहरु नगरवासी हरु स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, सफाईकर्मी लगायत सबैले पुर्याउनु भएको योगदान तथा नगर कार्यपालिका प्रतिको आशा, भरोसा र बिश्वास गर्नु भएको माहार्दिक धन्यवाद दिन चाहन्छु।

६)अगामी आ.ब मा **उपमेयर घुम्ती महिला स्वास्थ्य कार्यक्रम** सञ्चालन गरी यस पालिकामा रहेका ११ वटै स्वास्थ्य संस्थाबाट हरेक महिना कम्तीमा १ पटक गर्भवती महिलाको भिडियो एक्सरे **(USG)** गरी गर्भजाँच गर्ने, रक्त अल्पता जाँच गर्ने र दिर्घरोगी र बृद्ध आमाहरुको स्वास्थ्य परिक्षण गरि उपचार गर्ने, बिशेषज्ञ चिकित्सक द्धारा दिर्घरोगीको स्वास्थ्य परिक्षण र औषधी बितरण तथा स्वास्थ्य शाखाबाट स्वास्थ्यकर्मीहरुलाई अनसाईट कोचिङ**(On Site Coaching)** सञ्चालन गरिनेछ।

८)नगरवासीको स्वास्थ्य प्रति चासो राख्दै दिर्घ जीवनको लागि रक्तचाप र मधुमेह (सुगर) को नियमित परिक्षण घरदैलो मै गरि निशुल्क औषधी उपलब्ध गराउन **स्वास्थ्य जीवनको आधार,हाम्रो मेयरको सरोकार** कार्यक्रम लाई थप ब्यवस्थित बनाई आवश्यक बजेट बिनियोजन गरेको छु। यस आ.ब मा थप कार्यक्रमहरु बिस्तार गरिनेछ।

९)दिगो बिकासको लक्ष्यहरु स्थानियकरण सम्बन्धी नीति तथा कार्यक्रम निर्माण गरी कार्यन्वयन गरिनेछ। साथै आवधिक बिकास योजना मध्यकालिन खर्च संरचना तयार गरी कार्यन्वयनमा ल्याईनेछ।

१०)यस पालिकाको आन्तरिक श्रोत कमी रहेको यथार्थतालाई मध्यनजर गर्दै आन्तरिक श्रोतका दर र दयरा सम्बन्धी बिज्ञ समुहबाट अध्ययन गराई कार्यन्वयनमा ल्याईनेछ।

११)बिकासमा सार्वजनिक निजी साझेदारी (PPP)को अवधारण अनुरुप गैर सरकारी संस्था सम्बन्धी नीति निर्माण गरी लागु गरिनेछ।

१२)सेवा प्रवाह सम्बन्धी बिभिन्न प्रणालीहरु(उजुरी पेटिका,उपभोक्ता सर्भे,सामाजिक परिक्षण, ExitSurvey)अपनाईनेछ। सेवा प्रवाहको मापदण्ड तयार पारी लागु गरिनेछ।

१३)नगर कार्य समितिको बैठकमा अघिल्लो बैठकको समिक्षा गर्ने प्रणालीलाई थप प्रभावकारी बनाउदै आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकाको कार्यन्वयन गरिनेछ।

१४)क्षमता बिकास योजना निर्माण गरी सो अनुरुप कार्य गर्ने गराउने बिषयगत शाखामा जनशक्तिको काम कर्तब्य अधिकार र जिम्मेवारी सहितको कार्यबिवरण तयार गरी लागु गरिनेछ।

१५)कर्मचारीहरुको उच्च मनोबल कायम गरि सेवा प्रवाहलाई गुनासो रहित बनाउन मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन गरिनेछ। कर्मचारीहरुको कार्य सम्पादन सम्झौतामा समसामयिक परिमार्जान गरि लागु गरिनेछ।

१६)प्रत्येक वडा कार्यालयहरुमा गुनासो पेटिकाको दस्ताबेजीकरण र सम्बोधन कार्ययोजना निर्माण गरी सबै वडा तथा स्वास्थ्य संस्थाहरुमा लागु गरिनेछ।

१७)नगरवासीको सुचनाको हकलाई सिरोपर गर्दै सुचनामा सहज पहुच बढाईनेछ। चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ। महत्वपुर्ण सूचना बिवरण कार्यालयको वेबसाईटमा राखिनेछ।

१८)चालु आ.ब मा एकिकृत घुम्ती सेवा संचालन गरी जनतालाई घरदैलोमै सेवा उपलब्ध गराउनका लागी बजेटको ब्यवस्था गरेको छु।

१९)न्यायिक समितिले सभामा पेश गरेको प्रतिवेदनका आधारमा छरितो न्यायका लागी प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने, मेलमिलापकर्ताहरु सुचिकृत गर्ने तथा प्रत्येक केन्द्रमा संयोजक नियुक्ती समेत गरी नगरवासीलाई न्यायमा पहुच गराईने छ।

२०)प्रचलित कानुन अनुसार खरिद गुरु योजना र बार्षिक खरिद गुरुयोजना निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ। जिन्सी ब्यवस्थापनलाई प्रविधिमैत्री बनाईनेछ।

२१)सामाजिक सुरक्षा कार्यक्रमलाई बिश्वसनिय, भरपर्दो र पारदर्शी बनाउदै सामाजिक बिकासको अनुभुति गराउन सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटनादर्ता सुचना ब्यस्थापनप्रणालीलाई आत्मसात गर्दै सबै किसिमका सामाजिक सुरक्षा बाट लाभवन्तित हुने नगरवासीहरु(जेष्ठनागरिक, जेष्ठनागरिक दलित, एकल महिला, बालपोषण, लोपउन्मुख, अपांगता भएका ब्यक्ति)लाई बैकिङ प्रणालीमा आबद्ध गरी भत्ता बितरण गरिदै आएकोमा अगामी आ.ब. मा थप पारदर्शी र छरितो बनाईनेछ।

२२) तथ्यांक नै बिकासको आधारहो भन्ने मुल मर्मलाई ब्यावहारिक रुपमा उतार्दै हाम्रा याबध कठिनाईका बावजुद चालु आ.ब बाट शुरु गरिएको ब्यक्तिगत घटनादर्ता प्रणालीलाई थप ब्यस्थित बनाईनेछ।आवश्यकता अनुसार घटनादर्ता शिबिर,घरदैलो घटनादर्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२३) चालु आ.ब मा पालिकाको बिकासको क्षेत्रमा उल्लेख्य फडको मार्ने योजना रहेकोमा दोश्रो चरणको महामारीको मार खेप्नु पर्यो जसको कारण आपेक्षित बिकास र आर्थिक बृद्धीमा अवरोध उत्पन्न भयो। स्वादेश र बिदेशमा कार्यरत नगरवासीले रोजगारी गुमाउनु पर्यो।

**उपस्थित महानुभावहरु,**

२४) कृषि नै हाम्रो पालिकाको आर्थिक बिकासको मेरुदण्ड हो अधिकांश नगरवासी कृषि पेशामै रहेको भएता पनि आधुनिकीकरण र यान्त्रीकरण नहुदा कृषि पेशाले उल्लेख्य प्रगती गर्न सकेको छैन। कृषि जीवनमुखी ब्यवसाय बनेको छ । यस क्षेत्रको सुधार र उन्नती हाम्रो आवश्यकता हो कृषकहरुलाई निर्वाहमूखीकरण कृषिबाट व्यावसायीकरण गरी कषकहरु को आर्थिक स्तरमा सुधर ल्याई आत्मनिर्भर बनाउनकोलागि बिभिन्न कृषि बिकास कार्यक्रमहरु तर्जुमा गरि कार्यन्वयन गरिनेछ । यसको लागि बजेटको ब्यवस्था गरेकोछु ।

२५)हाल१४ वाट ऐन १४ वटा कार्यबिधी ३ वटा नियामवली निर्माण भैसकेको ब्यहोरा समेत अवगत गराउन चाहन्छु। अगामी आ.ब मा आवश्यकता अनुसार बिभिन्न क्षेत्रगत र बिषयगत नीति, कानुनहरु तर्जुमा गरि कार्यन्वयनमा ल्याईनेछ । बिषयगत नीति तर्जुमाका लागि कार्यदल गठन गरि कार्यन्वयनमा ल्याईनेछ ।

**<u>नीतिहरु</u>**

- भौतिक पुर्वाधार बिकासमा सार्वजनिक नीजी साझेदारी
- सडक यातायात गुरु योजना
- बालमैत्री तथा अपागंमैत्री
- निर्मित पुर्वाधारको उपयोग र दिगो ब्यवस्थापन
- राष्ट्रिय भवन संहिता र मापदण्ड
- फोहोरमैला ब्यवास्थापन
- छुवाछुत, सामाजिक कुरिति, अन्ध बिश्वास रोकथाम नीति
- लैंङगिक बिभेद घरेलु हिसां न्युनिकरण
- बालश्रम,बालबिवाह, दाईजो बिरुद्ध समिक्षा
- बिपद ब्यवस्थापन
- स्थानिय वातावरण ऐन वातावरणमैत्री नीति
- टोलबिकास संस्था गठन तथा परिचालन
- न्यायिक समितिको कार्य निर्माण

२६)चालु आ.ब मा न्यायिक समितिबाट सम्पादन भएका कार्यहरुबाट नगरवासीमा छरितो न्याय प्रप्तीको अनुभुती भएको छ । न्यायिक समितिको कार्यलाई थप प्रभावकारी बनाउन अगामी आ.ब. मा न्यायिक समिति सम्बन्धी ऐन नियमहरुमा संशोधन परिमार्जन र सुधार गरिनेछ ।

२७)कोभिड-१९ का कारण उत्पन्न असहज परिस्तिथी बाट भबिष्यमा खाद्य संकट आउन नदिन कोभिड बिशेष कृषि कार्यक्रम लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नको लागी १ जना कृषि अधिकृत छैठो तहको करारमा पुर्ती गरिएको छ । अगामी बर्ष नगरवासीहरुलाई लक्षित गरि तरकारी, बिउबिजन, दुध तथा मासु उत्पादनमा प्रोत्साहन गर्ने कार्यक्रमहरु अघि बढाईनेछ । बिदेशबाट फर्किएका युवाहरुलाई लक्षित गरि बाझौ जमिन नरहने तर्फ बिभिन्न कार्यक्रमहरु संचालन गरी उत्पादन बृद्धी तथा रोजगारीको अवसर प्रदान गरिनेछ ।

२८)यस नगरपालिकाले आफ्नो स्थापनाकाल देखि ४ बर्षको अवधीमा नगरवासीको समृद्धी सुख र खुशी लाई मुलमन्त्र बनाउदै क्रियशिल भई आएको ब्यहोरा यहाँहरु सबैलाई बिधितै छ । यस अवधीमा प्रशासनीक संरचना, कर्मचारी ब्यवस्थापन, कानुन निर्माण, आवधिक

योजना, निति कार्यक्रम रबजेटको कार्यन्वयन गर्दै कृषि, उद्योग, सेवा प्रवाह, भौतिक पुर्वाधार जस्ता बिषयगत क्षेत्रलाई प्रथमिकता दिई कार्य सम्पादन गर्दै आर्थिक बृद्धी, पुजी निर्माण, सर्वजनिक खर्च ब्यवस्थापन जस्ता महत्वपुर्ण कार्यहरु हुदै आएकोमा अगामी आ.ब मा थप प्रभावकारी बनाईने छ।

२९)दोश्रो चरणको कोरोना प्रभावले भएको बन्दाबन्दीमा पनी यस पालिकाले भौतिक पुर्वाधार तर्फ उल्लेख्य प्रगती गरेको छ। कोभिड रोकथाम र नियन्त्रणमा केन्द्रित भै खर्च ब्यवस्थापन भएको छ। यस महामारीबाट सिर्जना हुने असर र प्रभाव समेत लाई आकलन र बिश्लेशण गर्दै अगामी बर्षमा महामारीबाट भएको क्षतिको ब्यवस्थापन गर्दै सामाजिक बिकास र आर्थिक पुनःउत्थान गर्नु तथा उत्पादन र रोजगारी बढाउनु नै हाम्रो प्राथमिक क्षेत्र बनेको छ।

३०)आगामी आर्थिकको लागि अनुमान गरिएको आय , व्यय र विषयगत रुपमा विनियोजन गरिएको वजेट निम्न वमोजिम प्रस्ताव गरेको छु।

**आर्थिक बर्ष २०७८/०७९ को आय अनुमान**

**रकम रु हजार मा**

| सि.न. | शीर्षक | आय विवरण निशर्त अनुदान | आय विवरण शसर्त अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | अनुमानित अल्या | ०० | | |
| २ | राजस्व नेपाल सरकार | १०६७०९ | | |
| ३ | नेपाल सरकारबाट सामानीकरण | १५५९०० | | |
| ४ | शर्सत अनुदान नेपाल सरकार | | २८४५०० | |
| ५ | प्रदेश सरकारबाट सामानीकरण | ७४१९ | | |
| ६ | प्रदेश सरकार राजस्व अनुदान | ९२९३ | | |
| ७ | प्रदेश सरकार शर्सत अनुदान | | ११५०० | |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | | २०००० | |
| ९ | प्रदेश सरकार बिशेष अनुदान | | ७००० | |
| १० | आन्तरिक राजश्व | २०००० | | |
| | जम्मा अम्दानी | २९९३२१ | ३२३००० | ६२२३२१ |

**विषयगत रुपमा सशर्त अनुदान समेत निम्न वमोजिम अनुमानित वजेट विनियोजनको प्रस्ताव गरिएकोछ।**

**आर्थिक वर्ष २०७८/०७९को अनुमानित व्यय**

रु.हजारमा

| सि.न | खर्च शीर्षक | अनुमानिय ब्यय वजेट | प्रतिशत | अक्षरेपी |
|---|---|---|---|---|
| १ | चालु खर्च | १२२५०० | ४०.९२% | बाह्र करोड पच्चिस लाख |
| २ | मैचिंग फन्ड | १०००० | ३.३४% | एक करोड |

| | | | | |
|---|---|---|---|---|
| ३ | वडा तर्फका योजनाहरु | ७७००० | २५.७२% | सात करोड सत्तरी लाख |
| ४ | आर्थिक विकास | ५०५० | १.६८% | पचास लाख पचास हजार |
| ५ | सामाजिक विकास | ४५००० | १५.०३% | चार करोड पचास लाख |
| ६ | खानेपानी तथा सरसफाई | १५००० | ५.०५% | एक करोड पचास लाख |
| ७ | सिंचाई पुर्वाधार | १०००० | ३.३४% | एक करोड |
| ८ | न्यायिक समिति तर्फ | ११०० | ०.३७% | एघार लाख |
| ९ | महिला वालबालिका अपाँग जेष्ठ नागरिक तर्फ | १७५० | ०.५८% | सत्र लाख पचास हजार |
| १० | वन, वातावरण तथा विपद व्यवस्थापन | ५०० | ०.१६% | पाँच लाख |
| ११ | भौतिक पूर्वाधार विकास | ११४२१ | ३.८१% | एक करोड चौध लाख एक्काईस हजार |
| **जम्मा** | | २९९३२१ | १००% | उनानतिस करोड त्रियानब्बे लाख एक्काईस हजार मात्र। |
| शर्सत अनुदान नेपाल सरकार | | २८४५०० | | अठ्ठाईस करोड पैतालिस लाख |
| प्रदेश सरकार शर्सत,समपुरक,बिशेष अनुदान | | ३८५०० | | तिन करोड पचासी लाख |
| कुल जम्मा | | ६२२३२१ | | बैसठ्ठी करोड तेईस लाख एक्काईस हजार मात्र |

**उपस्तिथत महानुभावहरु,**

३२) नगरवासीको समृद्धी, सामाजिक र पुर्वाधार बिकासमा प्रगती भन्ने मुलमन्त्रलाई साकार पार्दै नगरवासी सुख र खुसीमा अभिबृद्धी गर्दै अर्थतन्त्रर सामाजिक, आर्थिक अवस्थामा परेको प्रतिकुलता लाई अवसरमा बदलल्दै नगरपालिकाले देहायका रणनैतिक आधार क्षेत्र र पक्षलाई प्रथमिकीकरण गर्दै आ.ब ०७८/०७९को नीति तथा कार्यक्रमको तर्जुमा गरिएकोछ।

**क)दिगो तथा आर्थिक बिकास**

- **दिर्घकालिन, मध्यकालिन तथा बार्षिक योजना**
- कृषि, नगदेवाली, फलफुल तथा पशुपालन
- घरेलु उद्यम, साना तथा मझौला उद्योग
- सहकारिता र साझेदारी
- रोजगारी र उद्यम शिलता बिकास

**ख) सामाजिक बिकास**

- आधारभुत तथा सामजिक शिक्षा
- आधारभुत स्वास्थ्य सेवा तथा पोषण
- खानेपानी तथा सरसफाई
- युवा तथा खेलकुद
- बिभिन्न लक्षित कार्यक्रमहरु

**ग) पुर्वाधार बिकास**

- सडक निर्माण तथा मर्मत
- भवन तथा संरचना निर्माण

- बिधुतीकरण/नबिकरणीय उर्जा
- सिचाई, कुलो तथा बाँध निर्माण
- अनुगमन मुल्यंकन र पृष्ठपोषण

**घ)बिपद् ब्यवस्थापन तथा वातावरण संरक्षण**

- कोभिड-१९ को नियन्त्रण कार्यक्रम
- बाढी, डुबान, आगलागी जस्ता बिपदका घटनाहरु
- बिपन्न परिवारको संरक्षण तथा राहत
- वातावरण संरक्षण,बृक्षारोपण
- फोहोरमैला ब्यवस्थापन
- बातावरणीय स्वास्थ्य तथा चेतना

**ङ) सुशासन तथा संस्थागत बिकास**

- प्रभावकारी र छरितो सेवा प्रवाह
- सर्वजानिक निर्माणको गुणस्तरीता
- पारदर्शिता र उत्तरदायित्व
- सर्वजानिक परिक्षण/सुनुवाई
- सुचना प्रवाह तथा प्रतिवेदन
- गुनासोको अभिलेखीकरण  सुनुवाई र फर्छ्यौट

प्रस्तुत निति तथा कार्यक्रमको क्षेत्रगत बिभाजन देहाय बमोजिम रहेको छ।

**क)दिगो तथा आर्थिक बिकास**

**कृषी सेवा**

- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्धन गर्न मल, बिउ, किटनाशक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार ब्यवस्थामा सहजीकरण गर्न र सिचाई सुबिधा प्रवर्धन गर्न आवश्यक बजेट ब्यवस्था गरिनेछ।
- कृषकहरुलाई निर्वाहमूखीकरण कृषि बाट व्यावसायीकरण गरी  कषकहरु को आर्थिक स्तरमा सुधर ल्याई आत्मनिर्भर बनाउनकोलागि बिभिन्न कृषि  बिकास कार्यक्रमहरु तर्जुमा गरि कार्यन्वयन गरिनेछ। यस को लागि बजेटको ब्यवस्था गरेकोछु। सिंचाई प्रणालीकाको विस्तार गरि कृषिमा आत्मानिर्भर र खाद्यान्नको निर्यात गरि कृषकहरुको आयस्तरमा सुधार हुनेछ।
- कृषकहरुलाई कुनै एक ठाउँमा लोकप्रिय देखिएका तरकारीको बीउहरु खरिद गरी स साना प्याकेटमा प्याकेजीङ्ग गरेर कृषकहरुलाई– बितरण गरि कृषकहरु लाई कुनै एक स्थानमालोकप्रिय भएको च्याउ उत्पादनलाई त्यसस्ानको आसपासमा जानकारी को लागि प्रसारण गर्न कन्ये च्याउको बीउ बितरण गरि उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुनेछ।

- कृषि पकेट क्षेत्र , कृषक समुह कृषि सहकारी र व्यावसायिक रुपमा तरकारी खेती गर्दै आएका कृषकहरु लाई उन्नत तथा हाईब्रिड तरकारीको बीउ बितरण गरी कृषकहरु लाई निर्वाहमूखीकरण कृषि बाट व्यावसायिकरण गरि कृषकहरुको आर्थिक अवस्सथामा सुधार ल्याई आत्मानिर्भर बनाईनेछ।
- कृषि प्रविधि हस्तानतरण एंव विस्तार गर्न तालिमलाई प्रभावकारी माध्य म बनाउदै कृषि विकास कार्यक्रममा संलग्न प्राविधिकहरुको दक्षता बढाउँदै लैजानको साथै कृषक हरुमा अन्तरनिहित ज्ञान सीप अभिवृद्धी गर्न तालिम संचालन गरिनेछ। पालिका भित्र का पकेटक्षेत्र तथा अन्य कृषक समूह तथा अगुवा कृषकहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालिम कृषकको समस्या थलोमा समाधान गर्न समयसापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन तालिम कार्यक्रम राखिएको छ। सोको लागी बजेट बिनियोजन गरेको छु।

**पशु बिकास सेवा**

- यस नगरपालिका भित्र रहेका किसानहरुलाई व्यसायिक भैंसी तथा बाख्रा पालन सम्बन्धि तालिमहरु संचालन गरी कृषकहरुको ज्ञान क्षमतामा बृद्धि गरि व्यवसायिक पशु पालन हुनेछ। कृषकहरुलाई गुणस्तरीय पशु आहारा (वर्षिम घाँस तथा पोषिलो दाना) वितरण गरि गुणस्तरिय पशु आहाराको सहज आपुर्तिमा सहयोग गरिनेछ।
- पशु स्वास्थ्य कार्यक्रम अन्तरर्गत खोप तथा औषधि खरिद कार्यक्रम संचालन गरि पशुमा लाग्ने रोगको जोखिम न्युनीकरणमा गर्दै मत्स्य चुन, मिनरल तथा भिटामिन खरिद तथा वितरण कार्यक्रम गरी मत्स्य विकासको लागी नवीनतम उत्पादन प्रविधि प्रसारमा ल्याईनेछ।
- युवाहरुलाई लक्षित गरि पशुपंक्षी व्यवसाय उन्मुख बनाउन युवा स्वरोजगार कार्यक्र म मार्फत कृषकहरुलाई व्यवसायमा थप प्रोत्साहन गराउन उत्कृष्ट कृषकप्रोत्साह कार्यक्र संचालन गरिनेछ। योजना कार्यन्वयनको लागि बजेटको ब्वस्था गरेकोछु। ट्रेबीज निर्माण कार्यक्रम संचालन गरी पशुहरुलाई नियन्त्रण गरी औषधि उपचार गर्ने बंगुर प्रर्वधन कार्यक्रम संचालन गरी मासु उत्पादनमा बृद्धि गरिनेछ।
- पालिकाका ११ वटै वडा मा बर्षमा कम्ती १ पटक पशु स्वास्थ्य शीवीर संचालन गरी पशुमा लाग्ने रोग तथा समस्याको पहिचान गरी उपचार तथा रोकथाममा सहयोग पुर्याईनेछ। उन्नत नश्लको पशुहरु बृद्धिगरी दुध तथा मासु उत्पालनमा उल्लेखनीय बृद्धि गरिनेछ। सन्देशमुलक कार्यक्रम संचालन गरी कृषकहरुमा सुचनाको पहुँच बढाईनेछ।
- गोठ सुधार कार्यक्रम संचालन गरी पशुको उत्पादन उत्पादकत्वमा टेवा पु र्याउने। बाख्राको खोर सुधार कार्यक्रम संचालन गर्ने, प्रजनन्को लागी उन्नत बोका खरिद तथा वितरण कार्यक्रम संचालन गरी बाख्रहरुको नश्ल सुधार तथा मासु उत्पादनमा बृद्धि गरि नगरपालिलाई मासुमा आत्मनिर्भर बनाईनेछ।
- भु उपयोग निति लाई आत्मसात गर्दै कृषि क्षेत्रको विकासको लागि बैज्ञानिक र व्यवसायिक खेती प्रणाली अवलम्बन गर्ने तथा कृषकलाई मल, विउमा अनुदानको व्यवस्था गरी विषादीको प्रयोगलाई कम गर्दै लैजाने निति अवलम्बन गरिनेछ।
- घरेलु तथा साना उद्योग विकासलाई प्रोत्साहन गर्दै नगरपालिका भित्र उद्योग ग्राम स्थापनको लागि पहल गरिनेछ।
- प्रगतिशिल कर प्रणाली अविलम्बन गरिनेछ। कर अभिलेख प्रणालीलाई सुचना प्रविधिमा आधारित बनाई थप ब्यस्थित गर्दै लगिनेछ।
- अर्गानिक मौरी पालन व्यवसायलाई प्रबद्धन गर्ने, तरकारी,मेवा तथा च्याउ खेती कार्यक्रमलाई विशेष जोड दिनेछ।
- यस नगरपालिकालाई दुग्ध उत्पादनको पकेट क्षेत्र बनाई नगरवासीको आर्थिक अवस्थामा सुधार ल्याउन उन्नतजातका गाई तथा भैसीपालन व्यवसायलाई प्रवद्धन गर्दै पशुरोग उपचार तथा गोठ सुधारमा जोड दिइ नेछ।दुग्ध व्यवसाय प्रवद्धन गर्न दुधडेरी स्थापन तथा सञ्चालनमा नगरपालिकाले आवश्यक सहयोग र साझेदारी गरिनेछ।
- कुखुरापालन, बाख्रापालन, भेडापालन, माछापालन, बंगुरपालन जस्ता मासु उत्पादन गर्ने ब्यवसाय लाई व्यवस्थित गरिनेछ। नगरवासीको स्वास्थ्यलाई ध्यान दिदै मासु पसलको सुधार गरिनेछ। पशु नश्ल सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरपालिका भित्र एउटा पिकनिक स्पट निर्माण कार्य सुरु गरिने पर्यटकिय क्षेत्रको रुपमा रहेका मठ , मन्दिर, मदरसा, मस्जीदको पुर्वाधार विकासमा जोड दिइनेछ।
- सहकारी पसल, सहकारी खेति लगायत सहकारी निर्माण सञ्चालित कार्यक्रमहरुलाई टेवा पुर्याइनेछ ।

- “स्थानीय श्रम , स्थानीय रोजगारी ”नीति अनुरुप कृषि क्षेत्रका उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम अघि बढाइनेछ। कृषिमा रोजगारीको सिर्जना र आत्मनिर्भरता वृद्धि गर्न स्वदेशी श्रम , सीप र नयाँ प्रविधिको अधिकतम उपयोगको लागि यूवाहरुर्ला प्रोत्साहन गर्दै कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न उत्कृष्ठ कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- गुइठा बाल्ने प्रवृतिलाई निरुत्साहन गर्न गोठ सुधार तथा गोठेमल सदुपयोगका लागि पशुपालक कृषकहरु संगको सहकार्यमा गोवर ग्यास जडानलाई प्रोत्साहन गरिनेछ।नगरपालिकामा रोजगार सेवा केन्द्रको स्थापना र रोजगार व्यवस्थापन सूचना प्रणाली संचालनमा ल्याई श्रमिकहरुको सिप र क्षमताको उपयोग गर्न सहज हुनेगरि उनिहरुको व्यक्तिगत विवरण रहेको श्रम सूचना बैक स्थापना गरिनेछ। स्थानीय रोजगार सेवा केन्द्रले रोजगारदाता र रोजगारको खोजिमा रहेकाहरुको बीच सम्पर्क स्थापना गरि रोजगारी प्राप्तीमा आवश्यक सहयोग गर्नेछ।
- आवस्यकता र स्थानीय सम्भाव्यताको आधारमा उत्पादकत्व अभिवृद्धि गर्दै ठुलो परिमाणमा कृषि उपजको बजार र निर्यातको सम्भावना वढ्नेछ। बेमौसमि तरकारी खेति , टनेल खेति, अग्र्यानिक खेति गर्ने साना किसानहरुलाई प्रोत्साहन गरिनेछ। "एक गाउ एक उत्पादन "कार्यक्रम लागु गरिनेछ।
- नगरपालिकाको उत्पादनलाई बजार सम्म पुर्याउन र कृषकलाई आर्थिक रुपले सम्पन्न बनाउन बजारको सुनिश्चितता गरा उना बजार पूर्वाधार विकासका कार्यक्रम संचालन गरिनेछ। उत्पादनको आधारमा प्रशोधन उद्योगको स्थापनाको लागि प्रदेशसंग सहकार्य गरिनेछ।
- स्थानीयतह भीत्र रहेका बाझो जग्गाहरुको एकीकृत तथ्यांक संकलन गरी सोको पुर्ण उपयोगको ब्यवस्था मिलाउन भुमि बैंकको अवधरणा कार्यन्वयन गर्न सहजीकरण गर्ने।यस्तो कर्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका ब्यवस्था गरिनेछ।
- बिदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका ब्यक्तीहरुमा रहेका सिपको बिवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तीलाई स्थानियतह भीत्र उपलब्ध हुने निर्माण सेवा,व्यसाय उद्योग,कृषि,लगायतका क्षेत्रका रोगगारदातासंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्न मिलाईनेछ।

**ख) सामाजिक बिकास**

**स्वास्थ्य,पोषण तथा सरसफाई**

- यस नगरपालिका भित्र रहेका स्वास्थ्य ससंथाहरु मार्फत प्रदान गरिने आधारभुत स्वास्थ्य सेवाहरु खोप सेवा , सुरक्षित मातृत्व तथा प्रजनन सेवा, पोषण सेवा, उपचरात्मक सेवा, क्षयरोग तथा कुष्ठरोग सेवा , एच.आइ.भी.सेवा तथा अन्य आवस्यक स्वास्थ्य सेवाहरु प्रदान गर्न आवस्यक पर्ने औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको लागी आवस्यक बजेट ब्यबस्था गरिनेछ।
- हाल यस नगरपालिका भित्रका ५ वटा स्वास्थ्य संथाबाट २४ घण्टे प्रसुती सेवा प्रदान गरिदै आएकोमा यस आर्थिक बर्षमा सबै स्वास्थ्य संस्थाहरुबाट२४ घण्टे प्रसुती सेवा बिस्तार गर्न आवस्यक भौतिक पूर्वाधार , जनशक्ति, उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको लागी आवस्यक बजेट ब्यबस्था गरिनेछ।
- कोभीड १९ को दोस्रो लहरले प्रभावीत पारीरहेको अवस्थामा बिश्व स्वास्थ्य संगठन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभीढको तेस्रो लहर आउने र यसको लागी आवस्यक पूर्व तयारी गर्न निर्देशन दिए अनुसार यस नगरपालिकामा पनि त्यस महामारीको रोकथाम नियन्त्रण गर्न यस रोगबाट संक्रमीत ब्यक्ति हरुको उपचार एवं ब्यबस्थापन गर्न आइसोलेसन सेन्टर , बेड, अक्सीजन, आवस्यक औषधीहरुको ब्यबस्थापन गर्न र सबै नागरीकहरुलाइ कोभीड बिरुद्धको खोप लगाउन आवस्यक पहल गरिनेछ।
- स्वास्थ्य सेवा प्रदान गर्न आवस्यक पूर्वाधारहरुमा हाल नेपाल सरकारको मापदण्ड बमोजिम ४ बटा स्वास्थ्य संस्थाहरुमा मात्र मापदण्ड अनुसारको भवन रहेको र अन्य संस्थाहरुको भवन नरहेको हुनाले आगामी आर्थिक बर्षहरुमा क्रमस सबै स्वास्थ्य संस्थाहरुमा समेत भवन निर्माण गर्न संघिय सरकार , प्रदेस सरकार र अन्य संस्थाहरुमा आवस्यक पहल गरिने छ। साथै सबै स्वास्थ्य संस्थाहरुमा क्रमस प्रयोगशाला सेवा, एम्बुलेन्स सेवा बिस्तार गदै लगीने छ।
- आगामी अिर्थिक बर्ष देखि क्रमस सबै स्वास्थ्य संस्थाहरुलाइ प्रबिधि मैत्री बनाउन कम्प्युटर र नेट सेवा प्रदान गरि स्वास्थ्य कमिहरुलाइ आवस्यक तालिम प्रदान गर्न र कम्प्युटर खरिदको लागी आवस्यक बजेट बिस्तार गरिने छ।

- रक्तचाप, मधुमेह, दम जस्ता दिर्घरोगबाट पिडित र सधैभरि औषधी खानु पर्ने बिरामीहरुलाइ सधै भरी सबै स्वास्थ्य संस्थाहरुबाट औषधी उपलब्ध गराइन आवस्यक बजेटको ब्यबस्था गरिनेछ।
- महिलाहरुको पाठेघर झर्ने र  क्यान्सर हुने जस्ता समस्याहरुलाइ समयमै पहिचान गरि उपचार र रोकथाम गर्न यस सम्बन्धि सिविर राख्न र जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक बजेट ब्यबस्था गरिने छ ।
- यस नगरपालिका भित्रका गरिब बिपन्न परिबारहरुलाइ स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य बिमा कार्यक्रममा आवद्द गराउने र तिनीहरुले बुझाउनु पर्ने प्रिमीयमको आधा रकम यस नगरपालिकाबाट भुक्तानी दिनको लागी आवस्यक बजेट ब्यबस्था गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई थप ब्यस्थित गरी मातृ तथा बाल स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न हाल पालिकामा सेवारत जेष्ठ महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रत्साहन स-सम्मान बिदाई गर्ने कार्यक्रम सञ्चान गरिनेछ ।
- खोपसेवा, शुरक्षित मातृत्व तथा प्रजनन सेवा  , पोषण सेवा , स्वास्थ्य तथा सरसफाइ सेवा जस्ता जनस्वास्थ्य संग सम्बन्धित सेवा सुबिधाहरुलाइ प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ परिचालन गर्न आवस्यक बजेट ब्यबस्था गरिने छ ।
- अस्पताल स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईबाट प्रदान गरिने खोप सेवा ,सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य,पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारत्मक सेवाको लागि आवश्यक पर्ने औषधी,उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट ब्यवस्था गरिनेछ ।
- सामुदायिक स्वास्थ्य सेवालाई बिस्तार गर्दै स्वास्थ्य आमा समुहको बैठक मार्फत मातृ तथा बाल स्वास्थ्यका सुचकमा परिवर्तन ल्याउन आमा समुहको बैठकमा स्वास्थ्यकर्मीको  सहभागिता गराई प्रभावकारी बनाईनेछ ।
- समाबेशी बिकास तथा सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्ने,   लैगिंक हिसाको न्यूनीकरण , असहाय वर्गको संरक्षण , महिला बालवालिका, एकल महिला , अपांगता भएका व्यक्ति , जेष्ठ नागरिक र अति विपन्नहरुको संरक्षणको लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- खोपसेवा, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य संग सम्बन्धित आधारभुत सेवा सुबिधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गर्न आवश्यक ब्यवस्था गरिनेछ ।
- बालमैत्री स्थानिय शासन पद्धती  अनुरुप बाल समूह गठन र परिचालनमा जोड दिईनेछ  तथा बाल विवाह मुक्त नगरपालिका घोषणको लागि आवश्यक पहल गरिनेछ । बालबालिका भर्ना अभियानलाई थप प्रभावकारी बनाईनेछ ।
- प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाको पहुचबाट बन्चित गरिने छैन । स्वास्थ्य संस्थाहरुलाई व्यस्थीत र प्रविधियुक्त बनाउदै लगिनेछ । गर्भवती तथा २ बर्ष मुनिका बालबालिकाको पोषणको अवस्थामा सुधार ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रको २४ घण्टे सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइनेछ । ५० शैयाको अस्पताल निर्माणको लागि पहल सुरु गरिनेछ ।
- समावेशीकरणको निति अवलम्बन  गर्दै नगरपालिकामा बालवालिका, युवा, दलित, महिला, अपाग, नगर तथा वडा स्तारिय समन्वय समिति गठन गरि समन्वयत्मक विकास निती अवलम्बन गरिनेछ ।
- स्थापना भएको आधारभूत स्वास्थ्य सेवा लाईथप ब्यस्थित बनाईनेछ । स्थापना भएका स्वास्थ्य संस्थाको स्तरोन्नति , पूर्वाधार विकास, जनशक्ति व्यवस्था र सेवाको समतामूलक पहुँच एवं गुणस्तर वृद्धि गर्न स्वास्थ्य क्षेत्रको पुनःसंरचना गरिनेछ ।
- विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदाय स्तरका समूहहरुलाई उपलव्ध गराएको पूँजी रकम र समूहले गरेको वचत रकमको लगत अध्यावधिक गरी सो रकम रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमूलक कार्यमा परिचालन गरिनेछ ।

**शिक्षायुवा तथा खेलकुद**

- कोरोना भाइरस (कोभिड १९) नयाँ भेरियन्ट ले निम्त्याएको असहज परिस्थितिलाई मध्यनजर गर्दै शैक्षिक गतिविधिलाई नियमित गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी बैकल्पिक सिकाइ सहजीकरण निर्देशिका  , २०७७ तथा विद्यालय संचालन कार्यढाँचा, २०७७ अनुसार विद्यार्थीको सिकाइ सहजिकरणका  लागि आवश्यक कार्यक्रम संचालन र समन्वय गरिनेछ ।

- विद्यालयबाट प्राप्त वर्गीकृत तथ्याङ्कका विवरणका आधारमा सबै विद्यार्थीहरुमा सिकाइ सहजीकरणको पहुँच उपलब्ध गराइनेछ । यसका लागि भौतिक दूरीमा बसाइ सहितको कक्षाकोठा , टेलिभिजन र रेडियोबाट पाठ प्रसारण , अनलाइन अफलाइन विधिबाट शिक्षण , परियोजना कार्यमा आधारित पढाइ , टोल पढाइ तथा बालबालिकाहरुका लागि घर–घरमै सिकाइ कुना , घरदैलो सिकाइ सहजीकरण आदिजस्ता वैकल्पिक शिक्षा प्रणालीका विविध स्वरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महाराजगंज नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक अभावलाई परिपूर्ति गर्न विगतमा व्यवस्था गरिएका स्वयंसेवक शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई निरन्तरता दिने नीति लिइनेछ ।
- गुणस्तरीय प्रारम्भिक बालशिक्षामा समतामूलक पहुँच स्थापित गर्न प्रारम्भिक बालशिक्षा कार्यक्रमको विस्तार गर्दै लगिनेछ । यसैगरी प्रारम्भिक बालशिक्षाका सहजकर्ताहरूको मनोबललाई उच्च राख्न विगतदेखि प्रदान गरिदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिदैं आवश्यकता अनुसार क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।आधारभूत र माध्यमिक विद्यालयका विद्यार्थीहरुका लागि तहगत अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन गर्न बजेट बिबियोजन गरेको छु ।
- .संस्थागत विद्यालयको स्थानीय छाता सङ्गठन मार्फत् स्थानीय आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अपाङ्गता भएका बालबालिकाहरुका लागि आवश्यकताका आधारमा सहायक सामग्री र स्रोतसामग्रीहरु वितरण गर्ने निति ल्याउनुका साथै विद्यालयमा रहेका स्रोतकक्षाहरुको व्यवस्थापन र सुदृढीकरण गरिनेछ ।
- जनसंख्याको बनोट र भौगोलिक अवस्थासमेतलाई मध्यनजर गर्दै विद्यार्थी संख्या न्यून भएका र नजिकको दुरीमा रहेका विद्यालयहरूलाई समायोजन एवम् एकीकरण गर्नुका साथै आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान कार्यलाई अगाडि बढाइनेछ ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर सुदृढ गर्न विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महाराजगंज नगरपालिका भित्र रहेका उत्कृष्ट सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुबाट अन्य विद्यालयहरुमा अनुभव आदान प्रदान गर्ने नितिलाई अबलम्बन गरिनेछ ।
- विद्यालयको वार्षिक उत्सवको अवसरमा विद्यालयमा वृक्षारोपण गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गर्न आधारभूत र माध्यमिक तहमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई नगरपालिकाबाट सम्मान गर्ने कार्यक्रम लागु गरिनेछ ।
- शिक्षा शाखाबाट निर्माण गरिने नगर शिक्षा योजना, शैक्षिक प्रोफाइल, शैक्षिक गुणस्तर सुधार कार्ययोजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।
- बाल विकास र कक्षा १ मा शत प्रतिशत विद्यार्थी भर्नाको लक्ष्य हासिल गर्न वडा शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ । हरेक वडाबाट हरेक शैक्षिक वर्षको भर्ना अभियान शुरु हुनु अगावै वडाले ४ वर्ष र ५ वर्ष उमेर पुगेका र अन्यत्रबाट बसाइ सराइ गरी आएका घरपरिवारका विद्यालय जाने उमेरका बालबालिकाहरुको विवरण सार्वजनिक गर्ने र उक्त विवरण शिक्षा शाखा र विद्यालयलाई उपलब्ध गराउने व्यवस्था लागू गरिनेछ।
- अपाङ्गता भएका बालबालिका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई विद्यालय शिक्षामा निरन्तर पहुँच प्रदान गर्नका लागि समावेशी शिक्षा नीति लिइनेछ । समावेशी शिक्षाको माध्यमबाट अपांग , दलित, मुस्लिम, पिछडा वर्ग एवं गरिवीको रेखामुनि रहेका बालबालिकाहरुको पहिचान गरी शिक्षाको पहुँच पुर्याउने निति अवलम्वन गरिनेछ ।
- समग्र शैक्षिक गतिविधिमा सुधार एवं गुणस्तरीयता कायम गर्न सामुदायिक विद्यालयका प्र.अ. संग नतिजा सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ । प्र.अ. ले आफु मातहतका प्रत्येक शिक्षकसंग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ । कार्य सम्पादन सम्झौतालाई शिक्षकको वृति विकाससंग आवद्ध गरिनेछ ।
- नगरलाई साक्षरता घोषणा गर्नका लागि संघ संस्थाहरुबाट तथ्यांक संकलन गरि साक्षरता घोषणा अभियानलाई तिव्रताका साथ अगाडि वढाउने साथै १५ वर्ष देखि ६० वर्ष उमेरका सबै प्रौढलाई साक्षर बनाई यस नगरलाई पूर्ण साक्षर नगर घोषणा गरिनेछ ।

- नगरस्तरीय कक्षा ८ को परीक्षालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई बढावा दिइ नवप्रवर्तनलाई अंगिकार गर्न शिक्षकहरूलाई सूचना प्रविधिसँग सम्बन्धित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि कार्यरत शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु अगाडी बढाइनेछ।
- शिक्षा दिवस र बाल दिवसको अवसरमा विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ।
- नगरपालिका भित्र प्राविधिक शिक्षा संचालीत विद्यालयहरुलाई प्राथमिकता दिइ शिपयुक्त युवा जनशक्ति विकास गर्न प्रोत्साहीत गरिनेछ।
- नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये उत्कृष्ट नूएब् ल्याउने विद्यार्थीहरुको लागि सम्मान कार्यक्रमको आयोजना गरी प्रोत्साहन स्वरुप प्रशंसापत्र उपलब्ध गराइनेछ।
- प्रधानाध्यापकहरुको आवश्यता अनुसार , बालविकासका शिक्षकहरुको त्रैमासिक रुपमा तथा मदरसाहरुको अर्धवार्षिक रुपमा समिक्षा बैठक गरिनेछ।
- विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली , विद्यालय सुशासन एवं व्यवस्थापनका लागि आवश्यक तालिम संचालन गरिनेछ ।
- विद्यालयको पठन पाठनको सुदृढीकरण लगायत समग्र शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनका लागि कार्यान्वयन योग्य विद्यालय सुधार योजना निर्माणको लागि वि.व्य.स , शि.अ.संघ , प्र.अ.को क्षमता विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- विद्यालय खाजा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनीटरी प्याडको सहज पहुँच र उपलब्धताको व्यवस्था गरिनेछ २९. नगरपालिका भित्रका विद्यालयहरुमा अध्यापन गर्ने शिक्षक , शिक्षिका तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको आयोजना गरिनेछ ।
- शिक्षा विकासका लागि अतिरिक्त क्रियाकलाप, खेलकुद तथा बाल उद्यान निर्माणका कार्यलाई प्राथमिकता दिईनेछ ।
- शैक्षिक सुधारका लागि शिक्षक तथा विद्यार्थी विद्यालय समय भित्र रहने वातावरण सिर्जना गर्न अनुगमन र निरिक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ।
- नगर क्षेत्रमा नियमसंगत संचालन नभएका निजि विधालय , तालिम केन्द्रहरु , कोचिङ सेन्टरहरुलाई कानुनी दायरामा ल्याई प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ।
- “राष्ट्रका लागी खेलकुद , स्वास्थ्यका लागी खेलकुद , अनुशासनका लागि खेलकुद र पहिचानका लागि खेलकुद ” भन्ने नारालाई आत्मसाथ गर्दै राष्ट्रपति रनिङसिल्ड , मेयर कप लगायतका नगरस्तरीय खेलकुद कार्यक्रमलाई थप व्यवस्थित तवरले संचालन गरिनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दिका लागि पूर्वाधारको विकास र तिनीहरूको समुचित उपयोगमा जोड दिइनेछ। यसका लागि विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान , नमूना विद्यालय विकास लगायतका कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- नगरपालिकालाई पुर्ण साक्षार नगरपालिका घोषण गर्ने तथा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहेको बाल विकास केन्द्रको शिक्षालाई बाल मैत्रि, रोचक, ज्ञान बर्धक र नमुना बनाइने छ। साथै इटा भट्टामा रहेका बालबालिकालाई शिक्षा स्वास्थ्यको लागि आवश्यक कार्यक्रम लागु गरिनेछ।
- गरिब विपन्न तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई शैक्षिक सामाग्रीको व्यवस्था तथा छात्रबृतीको लागि निश्चित कोष स्थापन गरिनेछ। विद्यालयहरुको पुर्वाधार निर्माण तथा सरसफाईमा विशेष जोड दिईनेछ।

**महिला तथा बालबालिका**

- मानवीय मूल्य र मान्यतालाई आत्मसात गरी मानव सभ्यता र संस्कृतिहरुको प्रवर्धन गर्दै , सरल जीवनशैली र पद्धतिको धरातलमा बालमैत्री मानवताको नगर बनाउने लक्ष्यका साथ अभियान तथा कार्यक्रमहरु संचालन गरिने छ ।
- संविधानको मर्म र भावना अनुरुप नगरपालिका क्षेत्रमा पछाडी परेकमा वर्ग समूदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लक्षित वर्ग कार्यक्रम संचालन गरिने छ । सीप तथा क्षमता विकास तालिम संचालन गरी नगर क्षेत्रमा उपलब्ध रोजगारीका अवसरहरुको उपयोगका लागि सक्षम बनाउने नीति लिइनेछ ।
- लैंगिक मैत्री , बालमैत्री , ज्येष्ठ नागरिक मैत्री र अपागंमैत्री नगर बनाउने अभियान संचालन गरिने छ ।
- विपन्न दलित समूदायलाई लक्षित गरी उनीहरुको सशक्तिकरण र क्षमता विकास सम्बन्धी कार्यक्रमहरु विशेष प्राथमिकताका साथ संचालन गरिने छ ।
- जातीय , लैंगिक, धार्मिक, भाषिक, सांस्कृतिक जस्ता सबै किसिमका सामाजिक विभेदहरुलाई निषेध एवं निरुत्साहित गरिने छ ।
- लैंगिक तथा घरेलु हिंसा ,यौन शोषण लगायत जोखिममा परेका बालबालिका , अपागंता, एकल महिलाहरुलाई दृष्टिगत गरी अवसर र हित प्रवर्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने छ ।
- महिला, आदिवासी जनजाति लगायत लक्षित वर्ग र समूदायलाई सशक्तिकरणको माध्यमबाट मूलप्रवाहमा ल्याइने छ ।
- स्थानियतहमा निर्माण गरिने भौतिक, सामाजिक, आर्थिक, शैक्षिक तथा सबै प्रकारका योजनाहरु लैंगिक, अपागं र बालमैत्री बनाउनका लागि आवश्यक कार्य गरिनेछ ।
- परम्परागत पेसा,सीप र व्यवसायलाई प्रोत्साहन गरिनेछ ।
- ६० वर्ष पूरा गरिसकेका व्यक्तिहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराइनेछ ।
- बालबालिकाको हक हितको संरक्षणका लागि बाल उद्धार कोष स्थापना गरिनेछ ।

**<u>ग) पुर्वाधार बिकास</u>**

- आगामी आर्थिक बर्षको योजना तर्जुमाको क्रममा तत्कालिन अल्पकालिन र दिर्घकालिन योजना छनौट गरीनेछ ।
- बहुवर्षे योजनाहरुलाई आगामी आ.ब. सम्ममा सम्पन्न गरिनेछ साथै हिलो (किचड) मुक्त गाउको अभियान अन्तरगत अधुरा योजनाहरुलाई निरन्तरता दिई निर्माण कार्य सम्पन्न गरिनेछ ।
- नगरस्तरिय, वडास्तरिय र वस्तीस्तरका सडकको मापदण्ड तोकी लागु गरिने तथा नगर स्तरिय सडक गुरु योजना निर्माण गरिनेछ । नगरपालिका भित्र रिङरोड निर्माण कार्य अगाडी बढाईनेछ ।
- सेखुवनिया तालको पानीलाई सिचाईको रुपमा उपयोग गर्न सिचाई योजनालाई प्राथमिकता दिइनेछ । नगर क्षेत्र भित्र रहेका ताल पोखरीहरुको अभिलेखिकरण गरि मर्मत संभार र सुन्दरिकरण गरिनेछ । त्यस्ता ताल पोखरीहरुबाट किसानहरुलाई सिचाईको सुविधा उपलव्ध गराइने तथा सिंचाइको लागि प्रत्येक वार्डहरुमा वोरिगं, डिप बोरिङ जडान गरिनेछ ।
- नगरपालिकाको सबै वडामा रहेका सुकुम्वासीहरुको तथ्यांक संकलन गरीनमुनावस्ती बिकास कार्यक्रमको अध्ययन गरी यस आर्थिक बर्षमा सस्तो मुल्यको नमुनाघर निर्माण गरिदिने कार्यको थप पहल गरिनेछ ।
- नगरपालिकाको सबै वडामा छप्परमुक्त कार्यक्रमलाई थप शक्रिय ब्यवस्थित बनाउने छौ ।
- महाराजगञ्ज खानेपानी आयोजना मर्मत गरी सञ्चालनको लागि खानेपानी संस्थानलाई हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाईएको छ।सरसफाई तथा फोहोर ब्यवस्थापनको लागि डम्पिङ साईटको ब्यवस्था गरिनेछ मुख्य सडक तथा बजार क्षेत्रमा शुरुभएको शौर्यबत्ती जडान कार्यलाई निरन्तरता दिईनेछ ।नगर सौन्दर्यकरण कार्यक्रमहरुलाई थप ब्यबस्थित बनाइनेछ ।
- प्रदेश सरकारसंगको सहकार्यमा निर्माणाधिन अवस्थामा रहेको खानेपानी , सरसफाई तथा स्वच्छता योजना तयार गरिनेछ साथै एक घर एक धाराको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ठूला पूर्वाधार विकासका कामलाई अघि वढाउन पूर्वाधार विकास शाखालाई अन्य स्रोतसाधन उपलब्ध गराइनेछ । नियमित संरचनाबाट संचालन हुन नसक्ने ठुला, जटिल र विशेष प्रकृतिका आयोजनाहरुको सम्भाव्यता अध्ययन र डिजाइन लगायतको कार्यमा विज्ञहरुबाट परामर्श सेवा लिइनेछ ।
- आर्थिक रुपले अति बिपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउना श्रममुलक प्रबिधिको प्रयोग गरि कार्यन्वयन गरिने आयोजनाहरु छनौटमा प्रथमिकता दिईनेछ ।
- कार्यक्रम तथा आयोजनाहरुको कार्यलाई प्रभावकारी बनाउन बितिय अनुशासन कायम गर्ने,उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानी केन्द्रित गरिनेछ ।
- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको बिवरण संकलन गरि नाप नक्सा समेत तयार गरी सार्वजनिक हितको कार्यमा उपयोग गरिनेछ । सार्वजनिक जग्गा र सम्पत्तीको संरक्षण गरिनेछ ।
- बिबिध कारणले सम्झौता भई कार्यन्वयनमा रहेका तर सम्पन्न नभएका योजनाहरुलाई निरन्तरता दिईनेछ ।बिकास योजनाहरुको निरन्तर तथा आवधीक अनुगमन मुल्यांकन गरिनेछ ।

**घ)बिपद् ब्यवस्थापन तथा वातावरण संरक्षण**

- यस पालिकाले २ वटा एम्बुलेन्स खरिद गरि सञ्चालन गरेको छ । शव बहान, दमकल जस्ता सेवालाई चौबिसै घण्टा सञ्चालन हुने गरि तयारी हालतमा राख्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ।
- विकास कार्यक्रम सञ्चालन गर्दा दिगो विकास निति अवलम्वन गरिनेछ । हरियाली प्रवद्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गरिने कार्यलाई प्राथमिकता दिईनेछ ।
- नगरपालिका स्तारिय विपद प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । विपद व्यपस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- स्वच्छ महाराजगञ्ज अभियान सञ्चालन गरिनेछ र सरसफाईको लागि एउटा छुटै कोष स्थापना गरिनेछ ।सार्वजनिक स्थानमा बृक्षारोपण गरी संरक्षण गर्ने निति लिइनेछ तथा बेलनदी तथा बाणगंगा नदी नियन्त्रण तथा व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।
- नगरपालिकालाई पुर्ण सरसफाई तर्फ अग्रसर गरिनेछ । फोहार उत्पादनलाई न्युनिकरण गर्ने र उत्पादित फोहोरलाई बर्गिकरण गरी पुनं प्रयोगमा जोड दिइनेछ । फोहोरमैला ब्यवस्थापनको लागि डम्पिङ साईड निर्माणखो कार्य शुरु गरिनेछ ।
- बिभिन्न किसिमको महामारी रोकथामका लागि अपनाउनुपर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गर्ने गराउनेछ , संक्रमणको परिक्षणको दायरा वढाउने छ , औषधी उपकरण र स्वास्थ्यकर्मिहरुको परिचालनलाई सघन वनाइ यस महामारीबाट नगरवासी लाई सुरक्षित बनाईनेछ ।
- प्लाष्टिकजन्य पदार्थहरुको उपयोगितालाई निरुत्साहित गर्दै वाताबरणीय प्रदुषण कमहुने वस्तुको उत्पादन तथा प्रयोग गर्न प्रेरित गरिनेछ । प्रयोग भएको वस्तुहरुको पुनः प्रयोगका लागि एकीकृत फोहरमैला प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा निर्माण कार्य अघि वढाइनेछ ।
- कोभिड -१९मा स्थानिय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तीलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाईजर, पिपिई) हरुको आभाव नहुने गरि बजेट ब्यवस्था गरिनेछ ।
- कोभिड १९ का कारण बिद्यार्थी, गर्भावती महिला, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ती डिप्रेशनमा रहेका ब्यक्ती तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने ब्यक्तीहरुलाई मनोपरामर्श सेवा उपललब्ध गराउने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको ब्यवस्था गरिनेछ ।
- कोभिड-१९ बहेकका बिपद्हरुको रोकथाम तथा न्युनीकरणको लागि पुर्वतयारी, प्रतिकार्य र पुर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानिय बिपद ब्यवस्थापन कोषमा आवश्यक बजेटको ब्यवस्था गरिने छ ।
- पुर्वाधार बिकासका क्रियाकलापहरु सञ्चालन गर्दा बिपद जोखिम संवेदशिलतालाई केन्दरबिन्दुमा राखी कार्यन्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा ईष्टीमेट गरिने ब्वस्था गरिनेछ ।

## ङ) सुशासन तथा संस्थागत विकास

- कार्यपालिकाको कार्यालय, वडा कार्यलाय तथा बिषयगत शाखा का एकाईको सेवा प्रवाहलाई सुचना प्रबिधि मैत्री बनाउन दै लगिएको छ। सुचना प्रबिधीलाई थप ब्यवस्थित बनाई आवश्यक बजेट ब्यवस्था गरिनेछ। जनतालाई छरितो र पारदर्शि तरिकाले सेवा सुबिधा उपलब्ध गराईनेछ।

- सेवा मैत्री संरचना तथा सेवाग्राही मैत्री व्यवहार मार्फत गुणस्तरिय सेवा प्रवाहलाई मुल मन्त्रका रुपमा अवलम्बन गरिनेछ। लेखा प्रणालीलाई अनलाईन मार्फत सञ्चालन गरिएको छ भने योजना प्रणालीलाइ सफ्टवेयरमा आधारित गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- नगरपालिका क्षेत्र अर्न्तगत पर्ने सुरक्षा निकायहरुलाई आवश्यक ब्यवस्थापन गर्न बजेट ब्यवस्थापन गरेको छु। जस बाट समुदाय प्रहारी साझेदारी जस्ता कार्यक्रमको कार्यन्वयन,सुरक्षा कार्यालयहरुका मर्मत सुधार, भुतपुर्व नेपाली सेना तथा नेपाल प्रहरीका संस्थाहरुलाई बिभिन्न सहयोग गरिनेछ। यसले सुरक्षा निकायहरुमा र नगरवासीहरुका समन्वय कायम गरी नगरको सुरक्षा ब्यवस्थापनमा सहयोग हुने बिश्वास लिएको छु।
- भ्रष्टाचार जन्य क्रियाकलाप प्रतिशुन्य शहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुती प्रदान गरीनेछ।
- पालिका भित्रको सम्पुर्ण बिवरण संकलन भईसकोले आगामी आर्थिक बर्ष भित्र नगरपालिकाको नगर प्रोफाईल तयार गरिनेछ।
- नगरपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कार्वाहीको मुल्याकंन गरी दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।
- भवन नरहेको वडा कार्यालयहरुको भवन निर्माणको लागि जग्गा प्राप्ती तथा भवन निर्माणको प्रक्रिया अगाडी बढाइनेछ।
- निर्वाचित जनप्रतिनिधी, सेवा प्रदायक कर्मचारी तथा आम जनताको क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ।
- विषयगत कार्यालयका कर्मचारीहरुलाई सम्बन्धित क्षेत्रको दक्षता अभिबृद्धीका कार्यक्रम सञ्चालन गरिनेछ। कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ।
- कर्मचारी कल्याणकारी कोषको स्थापना गरिनेछ। सो कोषमा नगरपालिकाले अनुदान रकम उपलब्ध गराउनेछ। कर्मचारीहरुको तर्फबाट पनि निश्चित योगदान गर्दै कर्मचारीका लागि बिभिन्न कल्याणकारी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगरवासी बेरोजगार शिक्षित युवालाई सरकारी सेवामा आकर्षित गर्नको लागि लोकसेवा परिक्षा तयारी कक्षाहरु सञ्चालन गरिनेछ। यसबाट शिक्षित बेरोजगारी न्युनिकरण गर्न योगदान पुग्नेछ।
- घर नक्सा पास , पुराना घरको अभिलेखिकरण गर्ने कार्यलाई शुरु भईसकेको छ आगामी आर्थिक बर्षबाट थप ब्यवस्थित गरि सुचारु गरिनेछ।
- आगामी आर्थिक बर्षमा थफ नगर प्रहरीको दरबन्दी स्वीकृत गरी नगर प्रहरीको व्यवस्था गरिनेछ।
- महिला स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहन तथा क्षमता अभिबृद्धी का कार्यक्रम सञ्चालन गरिनेछ।
- कुनै पनि योजना सञ्चालनमा पेश्की उपलब्ध गराईने छैन।
- न्यायिक समितिलाई पुर्वाधार तथा प्रविधि मैत्री बनाई छिटो छरितो न्याय सम्पादन गर्ने वातावरण श्रृजना गरिनेछ। आवश्यक जनशक्तीको लागि पहल गरिनेछ।
- प्राविधिक जनशक्तिको अभाव हटाउन नगरवासीलाई प्राविधिक तथा व्यवसायिक शिक्षा तर्फ आकर्षित गरिनेछ। साथै सूचना प्रविधिको पहुँच वढाउन सामुदायिक माध्यमिक विद्यालयमा इन्टरनेटको व्यवस्था गरिनेछ।
- कर र गैरकर राजस्वमा पर्न सक्ने असरलाई अंकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाईनेछ। सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट बिनियोजन गरि प्रशासनिक संरचना र कार्यलाई मित्यब्यी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्दै लगिने छ।

- बर्तमान असहज परिस्थीतीको सामना गर्न तत्तकालिन आवश्यकता पहिचान भएका प्रथामिकता प्राप्त क्षेत्रमा परेका कृयाकलापहरुको कार्यन्वयन गर्न निजी क्षेत्र, नगरपालिका भित्र कार्यरत गैरसरकारी संस्था सहकारी संस्था तथा स्थानिय सामुदायिक संस्थाहरुलाई सहभागी बनाउदै परिपुरक भुमिका दिईनेछ।

३३)नगरपालिकाले राजनितिक, सामाजिक, आर्थिक उपलब्धीहरुलाई संरक्षण गर्दै थप उन्नत बनाउने, सम्मान रस्वाभिमान बृद्धी गर्ने, अन्य स्थानिय सरकारहरु, प्रदेश सरकार र नेपाल सरकार संगको सम्बन्ध सुदृढ बनाउनदै कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्ने महामारी प्रभावित क्षेत्रको सामाजिक आर्थिक बिकास गर्ने अठोटको साथ आ.ब ०७८/७९ को निति तथा कार्यक्रम प्रस्ताव गरेको छ।

३४)प्रस्तावित निति तथा कार्यक्रमको सफल कार्यन्वयन बाट उच्चस्तरको आर्थिक बृद्धी हासिल भई नगरवासीको आर्थिक सामाजिक क्षेत्रमा स्तरोन्नती हुनेछ। सामाजिक न्याय सहितको प्रभावकारी सेवा प्रवाह गर्दै सुशासन हासिल गरिनेछ।

३५)अन्त्यमा, नगरपालिकाको समग्र बिकास प्रयासमा योगदान गर्ने राजनैतिक दल, निर्वाचित जनप्रतिनिधीहरु, राष्ट्रसेवक, निजि सहकारी तथा सामुदायिक क्षेत्र, संघसंस्थाहरु, श्रमिक वर्ग,नागरिक समाज, आम सञ्चार जगत लगायत सम्पुर्ण नगरवासी दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। हाम्रो बिकास अभियानमा सहयोग पुर्याउने नेपाल सरकार,प्रदेश सरकार,स्थानिय तहहरु,जिल्ला स्थित कार्यालयहरु नगरवासी दिदिबहिनी तथा दाजुभाईहरु र सरोकारवाला सबै ब्यक्ती तथा संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

**धन्यवाद।**

अब्दुल कलाम

नगर प्रमुख

मिति: २०७८ असार १० गते